वडाध्यक्ष थिङले तलबबाट दुई विद्यार्थीलाई पूर्ण छात्रवृत्ति दिने । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

**कार्यालय:**
थाहा नगरपालिका-४
मकवानपुर
**सम्पर्क नं.**
९८०७१५३३००
**इमेल:**
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-४० ● २०८० वैशाख ०४ गते सोमबार, ● 17 April 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# वागेश्वरी युवा क्लबलाई उपाधि




◆ विकास संवाददाता

थाहानगरको बज्रवाराही स्थित बाराही चौरमा भएको प्रथम निष्पक्ष मकवानपुर जिल्लास्तरीय रनिङ शिल्ड भलिबलको उपाधि वागेश्वरी युवा क्लवले हात पारेको छ । १ वैशाखमा भएको फाइनल खेलमा बागेश्वरीले आयोजक निष्पक्ष युवा क्लव 'बी' लाई ३-१ को सेटमा पराजित गर्दै उपाधी चुमेको हो । जितसंगै वागेश्वरीले नगद ६१ हजार सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने आयोजक निष्पक्षले नगद ३१ हजार सहित टूफी मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

प्रतियोगितामा तेश्रो भएको आमभन्ज्याङ युवा क्लबले नगद १६ हजार प्राप्त गरेको छ । प्रतियोगितामा वागेश्वरी युवा क्लवका कोच किरण गिरी उत्कृष्ट कोच घोषित भए भने वागेश्वरीकै खेलाडी सविन कार्की प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित हुँदा बेस्ट स्पाइकर मनिस तामाङ, वेस्ट डिफेन्ट रोशन गोपाली र निष्पक्षका राजकुमार कर्मचार्य बेस्ट लिफ्टर घोषित भए । बेस्ट ब्लकरको उपाधी भने आमभन्ज्याङ युवा क्लवका अनिस घलानले हात पारे ।

प्रतियोगितामा विजयी टिम र खेलाडिहरूलाई प्रमुख अतिथी नेपाल निर्माण व्यावसायी महासंघका पुर्व अध्यक्ष जयराम लामिछाने तथा विशिष्ट अतिथी थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले पुरस्कार प्रदान गरेका थिए । निष्पक्ष युवा क्लवका अध्यक्ष विजेन्द्र गोपालीको अध्यक्षतामा भएको समापन तथा पुरस्कार वितरण समारोहमा थाहा नगरपालिका खेलकुद विकास संयोजक टिकाराम स्याङ्तान, वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली लगायतका खेलप्रेमीको उपस्थिति रहेको थियो ।

क्लव स्थापनाको २० बर्षपछि पहिलो पटक प्रतियोगिताको आयोजना गरिएको क्लवका अध्यक्ष गोपालीले जानकारी दिए ।

# जिल्लाको घट्यो, बागमतीको बढ्यो, थाहाको आकाशियो

विकास संवाददाता
थाहानगर

मकवानपुरको दश पालिकाको बेरूजु अघिल्लो आर्थिक वर्षको तुलनामा घटेको छ । आर्थिक वर्ष २०७७/०७८ मा ६७ करोड १३ लाख ६९ हजार रहेकोमा आर्थिक वर्ष २०७८/०७९ को बेरूजु ३९ करोड ८२ लाख ६९ हजार देखिएको छ । आर्थिक वर्ष २०७८/०७९ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा बेरूजू रकम सार्वजनिक भएको हो । प्रत्येक पालिकाको अद्यावधिक बेरूजू भने पालिका अनुसारको अन्तिम लेखा परीक्षण प्रतिवेदनमा समावेश भएर आउने छ । उक्त प्रतिवेदान भने हालसम्म सार्वजनिक भैसकेको छैन ।

अघिल्लो आर्थिक वर्ष २०७७/०७८ मा हेटौंडा उपमहानगरपालिकाको बेरूजु १५ करोड ७० लाख ७० हजार थियो भने आर्थिक वर्ष २०७८/०७९ मा ३ करोड ६० लाख ३९ हजार रहेको छ । त्यस्तै थाहा नगरपालिकाको अघिल्लो आर्थिक वर्ष ६ करोड २५ लाख २५ हजार थियो भने पछिल्लो वर्ष ११ करोड ४२ दलाख २७ हजार रहेको छ । इन्द्रसरोवरको ३ करोड ५५ लाख १६ हजार भएकोमा १ करोड ४२ लाख १० हजार, भिमफेदीको ४ करोड ६० लाख ६१ हजार भएकोमा ३ करोड १० लाख ४९ हजार, मकवानपुरगढीको ६ करोड ४४ लाख ९६ हजार भएकोमा ३ करोड १० लाख ४९ हजार, बागमतीको २ करोड ८३ लाख ६५ हजार भएकोमा ३ करोड ९२ लाख ६४ हजार देखिएको छ ।

## पालिका बेरूजु

| क्र.सं. | पालिकाको नाम | बेरूजू रकम (हजारमा) | | बेरूजु प्रतिशत | |
|---|---|---|---|---|---|
| | | ७७-०७८ | ०७८-०७९ | ७७-०७८ | ०७८-०७९ |
| १ | हेटौंडा उपमहानगरपालिका | १५७०७० | ३६०३९ | ३.१७ | ०.७७ |
| २ | थाहा नगरपालिका | ६२५२५ | ११४२२७ | ३.९६ | ६.५३ |
| ३ | इन्द्रसरोवर गाउँपालिका | ३५५१६ | १४२१० | ५.१ | १.९५ |
| ४ | भिमफेदी गाउँपालिका | ४६०६१ | ४६०५९ | ४.६९ | ३.२६ |
| ५ | मकवानपुरगढी गाउँपालिका | ६४४९६ | ३१०४९ | ५.५६ | २.३७ |
| ६ | बागमती गाउँपालिका | २८३६५ | ३९२६४ | २.३३ | ३.८४ |
| ७ | बकैया गाउँपालिका | १५२६८ | १६३८९ | १.२ | ०.७ |
| ८ | मनहरी गाउँपालिका | १६६३९६ | २६४९२ | १०.२५ | २.११ |
| ९ | कैलाश गाउँपालिका | ४६९९४ | ३२५२३ | ५.३९ | ३.१३ |
| १० | राक्सिराङ गाउँपालिका | ४८६७८ | ४२०१७ | ४.१६ | ३.७८ |
| जम्मा | | ६७१३६९ | ३९८२६९ | | |

*स्रोतः महालेखा परीक्षकको प्रतिवेदन, २०७९*

यसैगरी बकैयाको १ करोड ५२ लाख ६८ हजार भएकोमा १ करोड ६३ लाख ८९ हजार, महनरीको १६ करोड ६३ लाख ९६ हजार भएकोमा २ करोड ६४ लाख ९२ हजार, कैलाशको ४ करोड ६८ लाख ९४ हजार भएकोमा ३ करोड २५ लाख २३ हजार र राक्सिराङ गाउँपालिकाको ४ करोड ८६ लाख ७८ हजार भएकोमा आर्थिक वर्ष २०७८/०८९ मा ४ करोड २० लाख १७ हजार देखिएको प्रतिवेदन सार्वजनिक भएको छ ।

प्रतिवेदन अनुसार वार्षिक बेरूजुलाई हेर्दा सबैभन्दा राम्रो प्रगती मनहरी गाउँपालिकाले गरेको छ । मनहरीको गत आर्थिक वर्षको तुलनामा ८.१४ प्रतिशतले बेरूजु घटाएको छ । यद्यपि जिल्लामै सबैभन्दा कम बेरूजु भएको पालिका भने बकैया गाउँपालिका भएको छ । बकैयाको बेरूजू कुल लेखापरीक्षण भएको रकमको ०.७ प्रतिशत मात्र बेरूजु देखिएको छ । दोस्रो भएको हेटौंडा उपमहानगरपालिका को ०.७७ रहेको छ । त्यसोत देशका ११ उपमहानगर मध्ये हेटौंडाको बेरूजु सबैभन्दा कम हो ।

जिल्लाका सबै पालिकाको तुलनामा थाहा नगरपालिका सबैभन्दा ऋणत्मक प्रगतीमा छ । थाहानगरको अघिल्लो आर्थिक वर्षमा ३.९६ प्रतिशत बेरूजू रहेकोमा आर्थिक वर्ष २०७८/०७९ मा झण्डै दोब्बर ६.५३ बेरूजु अंक कायम भएको छ । प्रतिशतका हिसाबले जिल्लाको बागमती गाउँपालिकाको पनि बेरूजु बढेको छ । अघिल्लो आर्थिक वर्षमा लेखापरीक्षण रकमको २.३३ प्रतिशत बेरूजु रहेकोमा यस आर्थिक वर्षमा ३.८४ प्रतिशत पुगेको छ ।

मकवानपुरका सबै स्थानीय तहको बेरूजु घट्दा थाहा नगरपालिका र बागमती गाउँपालिकाको बेरूजु प्रतिशत बढेको हो । मकवानपुरको बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ मा ०.७ प्रतिशत वेरूजू छ । त्यस्तै थाहा नगरपालिकाको ६.५३ प्रतिशत, हेटौंडा उपमहानगरपालिकाको ०.७७ प्रतिशत, इन्द्रसरोवर गाउँपालिकाको १.९५, मनहरीको २.११, मकवानपुरगढी गाउँपालिकाको २.३७, कैलाशको ३.१३, बागमतीको ३.८४, भिमफेदीको ३.२६, र ाक्सिराङको ३.७८ र प्रतिशत बेरूजु कायम रहेको प्रतिवेदनमा उल्लेख छ ।

# भित्तेपात्रो बिमोचन कार्यक्रम

**थाहा**/पालुङ जेसीज बर्ष २०२३ को आयोजनामा शुभकामना आदानप्रदान तथा भित्तेपात्रो बिमोचन कार्यक्रम १ वैशाखमा भएको छ । नयाँ बर्ष २०८० को अवसरमा शुभकामना आदानप्रदान संगै भित्तेपात्रो प्रकाशन गरिएको अध्यक्ष संगम कार्कीले बताए ।

कार्यक्रममा प्रमुख अतिथि थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले जेसीज असल नेतृत्व तयार गर्ने संस्था भएको बताए ।

# थाहाका २.७३९ प्रतिशत विद्यार्थीको नतिजा सर्वोत्कृष्ट

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा रहेका विद्यालयहरूको कक्षा ८ को नतिजा प्रकाशन भएको छ । थाहा नगरपालिका शिक्षा शाखाले ३० असारमा वेभसाइट मार्फत नतिजा प्रकाशन गरेको हो ।

प्रकाशित नतिजा अनुसार ३.६ देखि ४ जिपिएसम्म आउने विद्यार्थी संख्या जम्मा १८ जना रहेको छ । यो परीक्षामा सहभागी विद्यार्थी संख्याको २.७३९ प्रतिशत मात्र हो । त्यसैगरी ३.२ देखि ३.६ जिपिएसम्म आउने विद्यार्थी संख्या ८५ रहेको छ भने २.८ देखि ३.२ जिपिएसम्म आउने विद्यार्थी संख्या १ सय १२, २.४ देखि २.८ जिपिएसम्म आउने विद्यार्थी संख्या १ सय ७३, २ देखि २.४ जिपिएसम्म आउने विद्यार्थी संख्या २ सय ३५, १.६ देखि २ जिपिएसम्म आउने विद्यार्थी संख्या ३१ र १.२ देखि १.६ जिपिएसम्म आउने विद्यार्थी संख्या ३ जना रहेको थाहा नगरपालिका शिक्षा शाखाले जनाएको छ ।

थाहानगरका विभिन्न स.स्थागत तथा सामुदायिक विद्यालयका ६ सय ५७ परीक्षार्थी ८ कक्षाको परीक्षामा सहभागी थिए । ६ सय ६४ परीक्षार्थीले फर्म भरेको भएपनि ७ जनाले परीक्षा नदिएको थाहा नगरपालिका शिक्षा शाखाले जानाएको छ ।



विकास खबरपत्रिका साप्ताहिक | www.bikaskhabar.com
२०८० वैशाख ०४ गते सोमबार, 17 April, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



# • सम्पादकीय •

## करको दायरा बढाउने अभ्यास गर

महालेखा नियन्त्रक कार्यालयका अनुसार चालू आर्थिक वर्ष २०७९/०८० उठ्ने राजस्वले चालू खर्च धान्न नसक्ने देखिएको छ । सरकारले विकास निर्माणका लागि मात्र होइन चालू खर्च धान्नका लागि पनि ऋण लिनुपर्ने अवस्था सिर्जना भएको छ । चालू आर्थिक वर्षको नौ महिना छ दिनको तथ्यांकअनुसार सात खर्ब ११ अर्ब २६ करोड २७ लाख रुपैयाँ चालूतर्फ खर्च भइसकेको छ भने सो अवधिमा कुल राजस्व छ खर्ब ९१ अर्ब ६६ करोड ६० लाख मात्र संकलन भएको छ । यो तथ्यांक हेर्दा राजस्व लक्ष्यको ४९ दशमलव २९ प्रतिशत मात्र संकलन हुँदा चालू खर्च भने ६० दशमलव ११ प्रतिशत भइसकेको छ । यो खर्च पुँजीगत र वित्तीय व्यवस्थाभन्दा बाहेक हो । पुँजीगत र वित्तीय व्यवस्थापनतर्फको खर्चका लागि त सबै रकम ऋण खोज्नैपर्ने दबाबमा सरकार छ । अहिले सरकारले विभिन्न नाममा आन्तरिक ऋण मात्र होइन दातृ निकायसँग पनि लिइरहेको छ ।

चालू आर्थिक वर्षको आम्दानी र खर्चको अवस्थाले देशमा राजस्व संकलनका लागि नयाँ उपाय अपनाउनै पर्ने दबाब अर्थ मन्त्रालयमाथि परेको छ । राजस्वले चालू खर्च पनि धान्न नसकिरहेको बेला अर्थ मन्त्रालयका अधिकारीहरु अहिले नयाँ आर्थिका वर्ष २०८०/०८१ को बजेट बनाउने काममा जुटेका छन् । अर्थमन्त्री डाक्टर प्रकाश शरण महतले विभिन्न पक्षसँग बजेटका बारेमा सुझाव दिइरहेका छन् भने अर्थका कर्मचारीहरु पनि सुझाव लिँदै देशको अर्थतन्त्रको बारेमा पनि गम्भीर समीक्षा गरेर अगाडि बढिरहेका छन् । राजस्वले कुल खर्च होइन चालू खर्च पनि धान्न नसक्ने, खर्चका लागि माग गर्नेहरुको संख्या बढ्ने, तर, राजस्व उठ्नै नसक्ने बेलामा खर्चको बारेमा जाँच गर्ने महालेखापरीक्षकको ६० औँ वार्षिक प्रतिवेदन पनि चैत ३० गते सार्वजनिक भएको छ । त्यसले पनि विद्यमान कर प्रणालीको बारेमा गम्भीर प्रश्न उठाएको छ । उसले अहिलेको परम्परागत राजस्व संकलनमा परिवर्तन गरेर करको दायरा बढाउन सुझाव दिएको छ भने कर छुट दिने प्रवृत्तिमा सुधार गर्न भनेको छ । अहिले जति वस्तुमा कर लगाइएको छ, त्यतिमा मात्र सीमित गर्दा करले चालू खर्च नधान्ने भएको कारण विगतदेखि नै करको दायरा बढाउन सरकारमाथि दबाब पर्ने गरेको थियो । यो वर्षको अवस्थाले भने सरकारलाई करको दायरा बढाउन धेरै नै दबाब दिएको छ ।

चालू आर्थिक वर्षको अहिलेसम्मको अवस्था हेर्दा राजस्वमा नयाँ व्यवस्था नगरेसम्म चालू खर्च धान्न समेत सरकारले ऋण उठाउनुपर्नेछ । ऋण लिएर जन्मदै गरेका नागरिकको थाप्लोमा भार पार्नुभन्दा सरकारले अध्ययन गरेर करको दायरामा नआएका कयौँ वस्तुलाई करको दायरामा ल्याउनुपर्नेछ । करको दायरा फराकिलो बनाउने हो भने अहिलेको खर्च धान्न सरकारलाई धेरै मद्दत पुग्नेछ । दायरा बढाउनुको साथै कर छुट दिने प्रवृत्तिलाई निरुत्साहित गर्दै जाने हो भने देशको अर्थतन्त्र जोगाउन सकिन्छ । तसर्थ अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटमा करका दायराहरु बढाउनै पर्छ । करका दरको सट्टा दायर बढाउन सक्यो भने त्यसले अर्थतन्त्रलाई सबल बनाउन सहयोग गर्नेछ । त्यसतर्फ सरकारले विशेष ध्यान दिनुपर्नेछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# स्थानीय तहमा 'आर्थिक 'अनुशासनहीनता



◆ शिवराज खड्का

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६० औं वार्षिक प्रतिवेदन अर्थात् आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षणको बेरूजु तथ्यांकले मुलुकको वित्तीय सुशासन, पारदर्शिता र जवाफदेहिताको मेरूदण्डका सूचक झन् कमजोर बन्दै गएको देखाएको छ । आर्थिक अनुशासन पालनामा देखिएको विचलनका कारण देशको समग्र वित्तीय प्रशासनमा बेरूजुको आँकडा बर्सेनि बढ्दै जानु चिन्ताको विषय बनेको छ । संघीयता लागू भइसकेपछि मुलुकमा तीन तहको सरकार छ । तर, 'गाउँगाउँमा सिंहदरबार' भन्ने नारामा महँगा 'सिंह' मात्रै गाउँगाउँ पुगेको टिप्पणी हुन थालेको छ । स्थानीय तहले आर्थिक स्रोतको चरम दुरूपयोग गरी मनपरी खर्च गर्न थालेपछि नागरिकमा स्थानीय सरकारप्रति भरोसा कम-कम हुँदै गएको छ ।

यस वर्ष बेरूजु रकम ९ खर्ब ५९ अर्ब ७९ करोड पुगेको छ । गत वर्ष यो रकम ८ खर्ब २९ अर्ब १६ करोड थियो । गत वर्षको तुलनामा कारबाही गरी टुंगो लगाउनुपर्ने कुल रकम १५.७५ प्रतिशतले बढेको छ । महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले यो वर्ष कुल ७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण भएको र त्यसबाट संघ, प्रदेश र स्थानीय तहको मात्रै बेरूजु रकम १ खर्ब १९ अर्ब ७८ करोड देखिएको छ । सोमध्ये ४ हजार ६८ संघीय सरकारी निकायको लेखापरीक्षणबाट ५७ अर्ब ३१ करोड अर्थात् २.३९ प्रतिशत बेरूजु देखिएको छ ।

प्रदेशतर्फ ७ अर्ब २० करोड अर्थात् २.३० प्रतिशत र स्थानीय तहतर्फ यस वर्ष ११ खर्ब ४ अर्ब १ करोडको लेखापरीक्षणबाट ४२ अर्ब ८८ करोड अर्थात् ३.८८ प्रतिशत बेरूजु देखिएको छ । तीन तहलाई छुट्टाछुट्टै हेर्दा बेरूजु फछ्र्योट नगर्नेमा स्थानीय तह अग्रपंक्तिमा देखिएको छ । यो वर्ष ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७५ नगर पालिका, ४ सय ५९ गाउँपालिकासमेत ७ सय ५१ (विगतको बक्यौता २ समेत) को लेखापरीक्षण गरिएको छ । स्थानीय तहमा लेखापरीक्षणको अंकको तुलनामा ३.८८ प्रतिशत बेरूजु कायम भएकोमा सबैभन्दा तेह्रथुम जिल्लाको आठराई गाउँपालिकामा २०.३१ प्रतिशत र सबैभन्दा घटी प्युठान जिल्लाको मल्लरानी सरूमारानी गाउँपालिकाको बेरूजु शून्य रहेको छ । यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरूजु हुने ५ सय ४०, ५ देखि १५ प्रतिशतसम्म हुने २ सय ५ र १५ प्रतिशतभन्दा बढी बेरूजु हुने स्थानीय तह ६ रहेका छन् ।

स्थानीय तहको बेरूजु फछ्र्योट व्यवस्था सम्बन्धमा लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) मा महालेखा परीक्षकले गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण गरी जारी गरेको प्रतिवेदन सम्बन्धित स्थानीय तहले गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको नीति, ऐन, नियम तर्जुमा गर्ने/गराउने, बजेट कार्यान्वयन गर्ने तथा बेरूजु नियमित एवं फछ्र्योट गर्ने एउटै निकाय गाउँ/नगर सभा भएकाले बेरूजु फछ्र्योट सम्बन्धमा स्वार्थ बाझिएको अवस्था छ । वित्तीय पार दर्शिता एवं जवाफदेहिताका लागि लेखापरीक्षण ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुन आवश्यक परिमार्जन गरी स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल एवं अनुगमन गर्ने स्वतन्त्र र प्रभावकारी संयन्त्रको व्यवस्था गर्नुपर्ने कुरा महालेखाले औंल्याएको छ ।

बर्सेनि बेरूजु फछ्र्योट नहुने तथा नगर्ने रोग झन्-झन् बढ्दै जानुले वित्तीय सुशासनको सूचक ओरालो यात्रामा देखिन्छ । धेरै गाउँपालिका, नगरपालिकाहरू वित्तीय व्यवस्थापन र पारदर्शितामा कमजोर देखिन्छन् । महालेखा परीक्षकको कार्यालयले औंल्याएको कमजोरी र दिएको सुझाव तथा वित्तीय कारोबार गर्दा अवलम्बन गर्नुपर्ने विधि नअपनाएको देखिन्छ । विभिन्न क्षेत्र, वर्ग, समुदायको प्रतिनिधित्व गर्ने गरी गठन भएका संवैधानिक आयोगहरूमा पर्याप्त जनशक्ति, भौतिक पूर्वाधार र समन्वयको अभावमा आशातीत रूपमा प्रभावकारी हुन नसकेको तथा ती निकायले दिएका सुझावको कार्यान्वयन नभएका कारण सुशासनमा असर परेको महालेखाले जनाएको छ ।

योजनाका विभिन्न शीर्षकमा बजेटको आकार वृद्धि गर्दै लैजाने तर खर्च गर्ने क्षमतामा सुधार नहुँदा तोकिएबमोजिम कार्यान्वयन नभई विश्वसनीयतामा समेत कमी देखिएको छ । सार्वजनिक खर्च नियन्त्रणका लागि सानातिना फुटकर खर्च कटौतीभन्दा पनि दीर्घकालीन दायित्व नपर्ने गरी अनावश्यक संस्था तथा निकायहरूको पुनर्संरचना वा खारेज गर्नेमा अप्रिय निर्णय पनि लिन सक्नुपर्छ । सरकारले दिने विभिन्न अनुदान वितरणमा देखिएको अपारदर्शिता, दोहोरापना अन्त्यका लागि एकद्वार नीति प्रणाली लागू गर्नु अत्यावश्यक देखिएको छ ।

आर्थिक कार्यविधि ऐनहरूमा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गराउने जिम्मेवारी निकाय प्रमुख र विभागीय मन्त्रीहरूको हुने, बेरूजु फछ्र्योट गर्ने/गराउने उत्तरदायित्व कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृतको हुने, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे/नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र विनियोजित बजेत लक्षित उद्देश्यअनुरूप खर्च गर्न नसकेमा सोको जिम्मेवारी निकाय प्रमुख, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख भएकोमा सोअनुसार जिम्मेवारी र जवाफदेहिता पालना भएको देखिन्न । स्थानीय सरकारले सञ्चालन ऐन, २०७४ को दफा ८४ मा लेखापरीक्षण गराउने तथा बेरूजु फछ्र्योट गर्ने/गराउने काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।

नागरिकले खाइ-नखाइ गरी कमाएको आम्दानीबाट तिरेको करको दुरूपयोग भइरहेको छ । स्थानीय तहमा भ्रमण, भत्ता, तलब, अनुगमन, गाडी र सेवासुविधाका नाममा फजुल खर्च भइरहेको छ । सरोकारवाला अधिकारी, स्थानीय जनप्रतिनिधि, जिम्मेवार निकायका उच्चपदस्थ कर्मचारीको बेरूजु फछ्र्योटप्रतिको उदासीनता, जवाफदेहिता नहुँदा पछिल्ला वर्षहरूमा बेरूजुको तथ्यांक बढ्दै गएको हो । यसरी वित्तीय अराजकता मौलाउँदै जानुमा जनप्रतिनिधिहरूमा निर्णय गर्ने तर जिम्मेवारी नलिने प्रवृत्ति प्रमुख हो । त्यसैगरी कानुन पालनामा उदासीनता, आन्तरिक नियन्त्रण फितलो, लेखापरीक्षण प्रभावकारी हुन नसक्नु, नेतृत्वको गैरजिम्मेवारीपन, बेरूजुको दायित्वबाट उन्मुक्ति हुने अवस्था रहनु पनि बेरूजु बढ्नुका कारण हुन् । म्यादभित्रै पेस्की फछ्र्योटै नहुनु, प्रभावकारी योजना नबन्नु तथा जनशक्ति अभावका कारण बेरूजु बढेको विभिन्न अध्ययनले देखाएको छ । बेरूजुलाई भ्रष्टाचार, बजेट दुरूपयोग तथा अख्तियारविपरीत कार्य गरी विभिन्न आधारमा मूल्यांकन गर्न सकिन्छ ।

स्थानीय तहमा राजनीतिक खिचातानी, पदाधिकारीहरूको मनोमानी, स्वीकृत दरबन्दीअनुसार कर्मचारी पदपूर्ति गर्ने, दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी योजना छनोट र बजेट निर्माण प्रक्रियालाई प्रभावकारी बनाउने, आफ्नै तवरले बजेट खर्च गर्ने र पछि अनुमोदन गर्ने क्रियाकलाप नियन्त्रण गर्ने, उपभोक्ता समितिबाट भएका कार्यको गुणस्तर तथा प्रभावकारिता अनुगमन गर्नेलगायत काम गर्न सके बेरूजु स्वतः घटेर जान्छ ।

तर, अध्ययनबिना नै अनावश्यक ठाउँमा सडक निर्माण गर्ने, दोहोरो-तेहेरो एउटै योजनामा बजेट खन्याउने, आवश्यकता र औचित्यबिना कर्मचारी भर्ना गर्ने, प्रवर्द्धनात्मक कार्यक्रमका बजेट कागजपत्र मिलाएर दुरूपयोग गर्ने, पदाधिकारीमा नै देखिएको डोजरे विकासको होडले अनियमितताले भ्रष्टाचार र बेरूजु बढेको छ । ऐन-नियममा तोकिएको विधि र सर्त पूरा नगरी गरिएको खर्च नै बेरूजु हो । यो भनेको अनियमितता जोडिएको आशंका गर्न गाह्रो छैन ।

महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएअनुसार कानुनद्वारा निर्धारित समयमा वार्षिक बजेट पेस तथा पारित नै नगरी खर्च गर्ने, ठूलो संख्यामा टुक्रे योजनाहरू सञ्चालन गर्ने, कतिपय स्थानीय तहले वार्षिक विनियोजित बजेटको सीमा नाघी खर्च गर्नेजस्ता बजेट अनुशासनविपरीतका कैफियतहरू लेखापरीक्षणको क्रममा देखिएका छन् । तथापि उपलब्ध स्रोतको उच्चतम सदुपयोग गर्दै स्थानीय तहका फराकिला विषयगत अधिकारहरूलाई सफलतापूर्वक कार्यान्वयन गरी दूरदराजका नागरिकलाई संघीयताको वास्तविक अनुभूति गराउने सन्दर्भमा तीन तहमा देखिएको बेरूजुको उच्च मात्राले चुनौती खडा भइरहेको देखिन्छ ।

आर्थिक शुद्धता नै सुशासनको सबैभन्दा महत्वपूर्ण आधार हो । स्थानीय तहमा दोस्रो कालका लागि निर्वाचन सम्पन्न भई हाल नयाँ पदाधिकारीले स्थानीय तहको जिम्मेवारी सम्हालेका छन् । स्रोत आकलन, राजस्व संकलन, विकास निर्माण एवं सेवाप्रवाहमा स्थानीय तहले सम्पादन गरेका काम-कारबाहीको विश्लेषण गर्दा कानुन निर्माण र सो परिपालन, जिम्मेवारी र जवाफदेहिता

*बाँकी पृष्ठ ३ मा*

## विकास प्रशासन ... .

वहन, सार्वजनिक सम्पत्ति र स्रोतको उपयोग, सार्वजनिक निर्माण, सेवाप्रवाह र प्रतिवेदन प्रणालीमा सुधार गरी वित्तीय अनुशासन पालना गराउन ध्यान दिनुपर्ने देखिएको छ ।

नेतृत्वको नियत खराब भएमा नियम-कानुनले मात्र सुशासन कायम हुन सक्दैन । वित्तीय सुशासन कायम गर्दै समृद्धिको यात्रा तय गर्न योजना निर्माणताका नै आवश्यकता पहिचान एवम् प्राथमिकीकरण तथा बजेट लगानी, प्रक्रिया र उपलब्धिबारे पारदर्शिता, सरोकार पक्षको सहभागिता र दूरदर्शिताले अहम् भूमिका खेलेको हुन्छ । आर्थिक कारोबारमा कानुनी व्यवस्थाको पूर्ण परिपालना गरी बेरूजु कायम भएपछि फछ्र्योट गर्नेतर्फ भन्दा बेरूजु आउनै नदिनेतर्फ स्थानीय तहहरूको पर्याप्त ध्यान पुग्न आवश्यक देखिन्छ । यसका साथै, आर्थिक कारोबारमा वित्तीय जवाफदेहिता र पारदर्शितामार्फत मुलुकमा सुशासन कायम गर्नेतर्फ बेलैमा सजगता अपनाउन र जिम्मेवार बन्न पनि उत्तिकै आवश्यक देखिन्छ ।

सार्वजनिक वित्तीय व्यवस्थापनलाई प्रभावकारी र नतिजामूलक बनाउन आर्थिक सुशासन कायम गर्नु जरूरी छ । मुलुक समृद्धिको सही बाटोतर्फ अग्रसर हुनका लागि राजनीतिक जिम्मेवारी र उत्तरदायित्व, सुशासन र व्यवस्थापन कुशल हुनुपर्छ । विकास र समृद्धिका लागि शासन प्रणाली, सार्वजनिक सेवाप्रवाहमा उत्तरदायित्व, पारदर्शिता, सहभागिता, नीतिगत स्थायित्व, जिम्मेवार निकायका पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीको इमानदारितासाथ अभ्यासले मात्रै सम्भव तुल्याउँछ । सुशासन, पारदर्शिता, विश्वसनीयता र इमानदारिता देखाउने पहिलो तह भनेकै स्थानीय सरकार भएकाले उनीहरूले नै नागरिकलाई विश्वासमा लिन स्थानीय तहमा हुने आर्थिक, सामाजिक, राजनीतिक इमानदारिता देखाउन सक्नुपर्छ ।

संवैधानिक अंग तथा निकायहरूबाट दिइएका प्रतिवेदनका सुझाव कार्यान्वयन नहुनु, राज्यसंयन्त्रका अनुगमन तथा नियमनकारी निकायहरू प्रभावकारी हुन नसक्दा अर्थतन्त्रमा समस्या, सदाचारिताको ह्रास, विकास निर्माणका कार्यमा सुस्तता र सेवाप्रवाहमा समस्या देखिएको छ । आर्थिक अनुशासनमा जोड, जवाफदेहिताको पालना, पारदर्शिताको प्रवर्द्धन गर्न सकारात्मक सोचको वातावरणलाई माथि उठाउने सत्यनिष्ठाको संस्कृतिको विकास गरी सुशासनको प्रत्याभूति दिलाउनु आवश्यक छ ।

बेरूजु अंक बर्सेनि बढ्दै जानुलाई सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूले गम्भीरतापूर्वक लिई अनियमितता तथा बेरूजुउपर वित्तीय कारोबार गर्ने र निर्णय निर्देशन गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनु आवश्यक छ । कुशल वित्त व्यवस्थापन, समयानुकूल कानुन र संरचना तथा दक्ष जनशक्तिको उपयोग गर्दै मुलुकको विकास र समृद्धिका लागि गुणस्तरीय सार्वजनिक सेवाप्रवाह गर्न सार्वजनिक निकायहरूमा पारदर्शिता र उत्तरदायित्व वहन गर्दै उपलब्ध स्रोतसाधनको समुचित परिचालन गरिनु आवश्यक छ । संघ र प्रदेशबीचको संगठन संरचनामा देखिएको दोहोरोपना र कार्यसम्पादनमा देखिएका नीतिगत अप्ठेराहरू कानुनी रूपमा सुधार गर्दै लैजानुपर्ने देखिन्छ ।

# एन्जाइटी पनि हुन सक्छ है !

साधारण भाषामा भन्ने हो भने एन्जाइटी भनेको डर हो । भविष्यमा केही होला कि भन्ने डर लागिरहनु नै एन्जाइटी हो । एन्जाइटी सबैमा हुन्छ तर लक्षण धेरै छैन भने समय क्रमसँगै बिस्तारै निको हुँदै जान्छ । तर दैनिक जीवन र काम गर्ने क्षमतामा नै प्रभाव पार्छ भने समस्या भएको बुझ्नुपर्छ ।

एन्जाइटी एक मानसिक समस्या हो । साइकोसिस र न्युरोसिस्ट गरी यो दुई प्रकारको हुन्छ । मलाई रोग लागेको छ भन्ने जानकारी बिरामीलाई छैन भने साइकोसिस र छ भने न्युरोसिस्ट भनिन्छ ।

### एन्जाइटीका संकेत

**बिना कारण आत्तिने :** एन्जाइटी भएका व्यक्ति बिना कारण सानो कुरालाई लिएर धेरै नकारात्मक कुरा सोचेर आत्तिने गर्छन् । डरलाग्दा कुनै घटना वा वस्तु नभए पनि घर बसेकै बेला डराउँछन् ।

**हृदयघातको जोखिम :** एन्जाइटीको समस्या भएका व्यक्तिको मुटुको धड्कन र श्वासप्रश्वास तीव्र हुन्छ । यस्ता व्यक्तिलाई हृदयघात समेत हुन सक्छ । मुटुको समस्या छ भने डरले मनमा घर बनाएको हुन्छ । छाती भारी भएको जस्तो हुन्छ ।

**निद्रा नलाग्नु :** एन्जाइटी भएमा कुनै आवाजले पनि छिनछिनमै ब्युँझिने हुन्छ । खलखल पसिना आउँछ ।

**मुख सुक्नु :** एन्जाइटी भएमा डरले मुख सुख्खा हुने समस्या हुन्छ । छटपट छटपट भइराख्नु एन्जाइटीका संकेत हुन् ।

**आत्मविश्वासको कमी :** जुनसुकै कुरालाई नकारात्मक रूपमा सोच्नु एन्जाइटीको लक्षण हो । जे पनि मैले गर्न सक्दिन, म खस्छु, मर्छु भन्ने सोच मनमा आउँछ भने एन्जाइटी भएको बुझ्नुपर्छ । साथै टाउको दुख्नु, कमजोरी महसुस हुनु, चक्कर लाग्नु, हातखुट्टा काँप्नु पनि यसकै संकेत हो ।

### कसलाई हुन सक्छ एन्जाइटी ?

एन्जाइटी जसलाई पनि हुन सक्छ । त्यसमध्ये पनि सानो सानो कुरामा डराउने, मदिरा, चुरोट धेरै खाने, राति अनिंदो बस्ने, एक्कासि आर्थिक अवस्था र पारिवारिक सम्बन्ध बिग्रिएका व्यक्तिमा एन्जाइटी हुने सम्भावना धेरै हुन्छ । कतिपयलाई वंशाणुगत कारणले पनि एन्जाइटीको समस्या हुन सक्छ ।

### उपचार के छ ?

एन्जाइटीले दैनिक काममा प्रभाव पारेमा, परिवार नातागोताको सम्बन्धमा समस्या उत्पन्न गरेमा, डरलाई नियन्त्रण गर्न नसकेमा, डर सँगसँगै मानसिक समस्या पनि थपिएमा चिकित्सकलाई देखाउनुपर्छ ।

एन्जाइटी व्यायाम र औषधिबाट पनि निको पार्न सकिन्छ । धेरै एन्जाइटी भएमा उनीहरूले मनोपरामर्शदातालाई जाँच गराएर नियमित परामर्शअनुसार औषधि खानुपर्छ । सामान्यतया ६ देखि ९ महिना औषधि खानुपर्ने हुन्छ । औषधि खाइसकेपछि बीचमा निको भइसक्यो भनेर चिकित्सकको परामर्श बिना छाड्नु हुँदैन, पूरै मात्रा खानुपर्ने हुन्छ ।

साथै यसलाई मनोपरामर्शदाताले मनोवैज्ञानिक थेरापीको माध्यमबाट उपचार गर्छन् । यसमा मानिसको व्यवहार को अध्ययन गरिन्छ । उसले के सोच्छ, कस्तो व्यवहार गर्छ ? त्यो अवलोकन गरेर आवश्यक परामर्श दिइन्छ । बिरामीलाई प्रोत्साहित गर्न मद्दत पुऱ्याउँछ ।

एन्जाइटीको मात्रा केही कम भइसकेपछि बिस्तारै योग, ध्यान तथा प्राणायामलाई नियमित गर्नु लाभदायक हुन्छ ।

# घाँटी किन खसखस गर्छ ?

घाँटी खसखस गर्ने समस्या जोकोहीले भोगेकै हुन्छन् । बढ्दो प्रदूषण र मौसमी फेरबदलका कारण घाँटीमा खसखस गर्ने समस्याले धेरैलाई सताएको पाइन्छ । वायु प्रदूषणका कारण धुलो हाम्रो शरीरभित्र प्रवेश गर्छ र त्यसलाई शरीरले ग्रहण गर्न नसक्दा एलर्जी हुन्छ । जसकारण घाँटी खसखस गर्न थाल्छ ।

एलर्जी हुँदा घाँटी खसखस गर्दै, चिलाए जस्तो हुने हुँदै लगातार खोकी समेत आउन सक्छ । जसले घाँटी, नाक र श्वासनलीको कोषलाई असर गर्छ । प्रदूषणले सीओपीडी, दम तथा मुटु भएकोमा स्वास्थ्य समस्या पनि ल्याउन सक्छ ।

### यो समस्या आफैँमा रोग होइन

घाँटी खसखस गर्नु कुनै रोग भने होइन । तर धेरै रोगको सुरूवाती लक्षण भने हुन सक्छ । प्रदूषणले गराउने एलर्जी बाहेक घाँटी खसखस गर्ने विभिन्न कारण हुन्छन् । यो सामान्य स्वास्थ्य समस्यादेखि जटिल रोगको संकेत पनि हुन सक्छ ।

जाँडरक्सी, चुरोट, चिसो खानेकुरा र धेरै मात्रामा चिल्लो पिरो खाँदा पनि घाँटीमा खसखस हुन सक्छ । घाँटीको किलकिलेको पछाडिको भागमा सुन्निने र त्यसको वरिपरि टन्सिलाइटिस हुँदा पनि खसखस हुन्छ । क्रोनिक साइनोसाइटिस जसमा नाकमा पिनास हुने व्यक्तिमा नाकबाट तरल पदार्थ बग्दै घाँटीतर्फ आउने हुँदा पनि त्यसले घाँटीमा खसखस हुन सक्छ ।

पाचनप्रणालीमा समस्या हुँदा मुखमा अमिलो पानी आइरहने बिरामी, ग्यास्ट्रिकको समस्या हुनेलाई पनि घाँटी खसखस हुन्छ । कहिलेकाहीं कुनै शारीरिक समस्या नभएका तर मानसिक तनाव हुँदा पनि यस्तो समस्या हुन्छ ।

उच्च रक्तचापको औषधि लामो समयसम्म खाने व्यक्तिमा पनि घाँटी खसखस गर्न सक्छ । पिनास, खानानलीमा ट्युमर हुँदा, घाँटीमा क्यान्सर हुँदा घाँटी खसखस गर्छ ।

### परीक्षण

घाँटी खसखस गर्ने एउटा मात्र कारण नहुने भएकाले लक्षण अनुसार परीक्षण गरेर मात्र रोगको एकिन गर्न सकिन्छ । खसखस हुनुको कारण थाहा पाउन इण्डोस्कोपी गरेर हेरिन्छ । कसैमा एलर्जी हुँदै पिनास हुन सक्छ, त्यसको पनि जाँच गरिन्छ । कतिपय अवस्थामा फङ्गस इन्फेक्सनको कारण पनि घाँटी खसखस गर्ने हुँदा त्यो पत्ता लगाउन सिटीस्क्यान गरेर हेर्ने गरिन्छ । परीक्षण गर्दा कुनै पनि कारण पत्ता नलागेको खण्डमा मनोपरार्शदातासँग परामर्श लिनुपर्छ ।

### उपचार

कहिलेकाहीं घाँटी खसखस गरेको एक-दुई दिनमा आफैं ठीक हुन्छ, तर लामो समयसम्म घाँटी खसखस गरेर दुखिरहेको छ भने चिकित्सकलाई देखाएर उपचार गर्नुपर्छ ।

ग्यास्ट्रिकको कारणले घाँटी खसखस गरेको भए ग्यास्ट्रिककै उपचार आवश्यक हुन्छ । एलर्जीको कारणले हो भने त्यसैको उपचार गर्नुपर्ने हुन्छ । यसमा ध्यान दिनुपर्ने कुरा के हो भने क्षणिक रूपमा खाइने औषधिले शरीरमा रोग निम्त्याउने, रोग प्रतिरोधात्मक क्षमता कम हुने भएकाले जथाभावी रूपमा औषधि किनेर खानु हुँदैन ।

सुरुवाती अवस्थामै यसको उपचार नगरेको खण्डमा दम, ब्रोङकाइटिस, निमोनिया, फोक्सोमा समस्या देखिन सक्छ ।

### बच्ने उपाय

घाँटी खसखस गर्ने समस्याबाट बच्न वरपरको वातावरण र खानेकुरामा विशेष ख्याल राख्नुपर्छ । प्रदूषित ठाउँमा धेरै नबस्ने, बस्नुपर्ने अवस्थामा मास्कको प्रयोग गर्नुपर्छ । घाँटी खसखस गर्दा मनतातो पानीले कुल्ला गर्दा अलि कम हुन सक्छ ।

भाइरल संक्रमण भएका व्यक्तिको वरपर नजाने, धुम्रपान र मदिरा नगर्ने, चिल्लो, पिरो धेरै नखाने, फ्रिजमा राखिएको फलफूल वा जुस कम खाने गर्दा पनि यो समस्या कम हुँदै जान्छ ।






# आग्रामा घुम्ती शिविरः अपाङ्गता भएका २४ जनालाई परिचयपत्र

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ८ मा सञ्चालन भएको अपाङ्गता परिचयपत्र वितरण शिविरमा २४ जनाले परिचयपत्र पाएका छन् ।

थाहानगरको महिला बालबालिका, जेष्ठ नागरिक तथा अपांगतता परिचयपत्र वितरण शाखाको आयोजनामा आग्रा स्वास्थ्य चौकीमा आयोजना गरिएको हो । ग्रामिण भेगमा रहेका र नगरसम्म पहुँच समेत नभई परिचयपत्र पाउनबाट वञ्चित अपाङ्गता भएकाहरूलाई लक्षित गरी आग्रामा शिविर आयोजना गरिएको शाखा प्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् । अपाङ्गता भएका व्यक्तिलाई घरदैलोमै परिचय पत्र वितरण गर्ने वडास्तरीय घुम्ती शिविर आयोजना गरिएको नगर उपप्रमुख भरत गोपालीले बताए ।

वडा भित्रका अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी सरकारबाट पाउने सेवा सुविधा व्यवस्थापनमा कुनै कमी नहोस भनेर शिविरको आयोजना गरिएको नगरपालिका प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरेको प्रतिक्रिया थियो । शिविरमा ऐन बमोजिम पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, मध्यम अपाङ्गता र साधारण अपाङ्गता गरी चार किसिमको परिचय पत्र वितरण गरेको सामाजिक विकास अधिकृत अनिल लामिछानेले बताए ।



शिविरमा पालुङ स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर शक्ति चौरासिया र स्वास्थ्यकर्मी करुणा घिमिरेले अपाङ्ता भएकाहरूको स्वास्थ्य परीक्षण गरी अपाङ्गता भएकाहरूको वर्गीकरणको सिफारिस गरेका थिए । शिविरमा थाहा नगर उपप्रमुख भरत गोपाली, ८ नम्बर वडा अध्यक्ष हेमराज थिङ, थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरे, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, अपांग परिचयपत्र वितरण शाखा प्रमुख प्रतिमा मोक्तान, थाहानगर सामाजिक विकास सदस्य पवित्रा सिंह ठकुरी, एमआइएस सेवा इकाईका लक्ष्मण कण्डेल, अपांग बाल अस्पतालका स्वास्थ्यकर्मी रुद्र सापकोटा, अपांग सरोकार समिति थाहाका अध्यक्ष मनलाल गोपाली, आग्रा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूको समेत सहभागी रहेको थियो ।

शिविरमा अपांगता भएकाहरूको स्वास्थ्य परीक्षण समेत गरिएको थियो ।

# उद्योगहरुको विद्युत् महसुल वक्यौता साढे दुई अर्ब

◆ विकास संवाददाता

नेपाल विद्युत् प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई विद्युत् महसुल वापत् यहाँका औद्योगिक प्रतिष्ठानले दुई अर्ब ५५ करोड ५३ लाख रूपैयाँ बुझाउन बाँकी छ । लामो समयदेखि पटक–पटक ताकेता गर्दासमेत चालु आर्थिक वर्षको हालसम्म ती उद्योगबाट महसुल नबुझाइएको केन्द्रले जनाएको छ ।

केही उद्योगविरुद्ध महशुलसम्बन्धी मुद्दासमेत चलिरहको छ भने महसुल नतिर्ने पाँच सय ४२ उद्योगलाई कालोसूचीमा राखेर कारबाही प्रक्रिया अगाडि बढाइएको छ । कालोसूचीमा परेका केही ग्राहकबाट कारबाहीस्वरूप ७९ हजार दुई सय ४१ रूपैयाँ संकलन भएको छ । चालु आवको हालसम्म पाँच हजारभन्दा बढी विद्युत् महसुल नतिर्ने नौ सय ७३ ग्राहकको लाइन काटेर कारबाही गरिएको केन्द्रका प्रमुख नरेन्द्रवीर श्रेष्ठले जानकारी दिए । कारबाहीमा परेपछि छ सय १७ जनाले जरिवाना तिरेर निवेदन दिएकाले पुन लाइन जोडिएको र त्यसबाट दुई करोड ५३ लाख ९५ हजार रूपैयाँ महसुल संकलन भएको छ ।

हेटौंडामा रहेका ७२ हजार ६ सय ९४ ग्राहकबाट वितरण केन्द्रले मासिक १९ करोड १७ लाख ८८ हजार रूपैयाँ बराबरको विद्युत् विक्री गर्दै आएको छ । तर, १८ करोड छ लाख १२ हजार रूपैयाँ मात्र महसुलबापत संकलन हुँदै आएको छ । विद्युत् प्राधिकरणको पोल प्रयोग गरेबापत विभिन्न छ वटा इन्टर नेट सेवा प्रदायक कम्पनीले ५३ लाख ५० हजार रूपैयाँ राजस्व बुझाएको केन्द्रले जानकारी दिएको छ ।

यसैबीच ग्रामीण विद्युतीकरणअन्तर्गत् हेटौँडा उपमहानगरपालिकालगायत बकैया, राक्सिराङ, मकवानपुरगढी, कैलाश, भीमफेदी, इन्द्रसरोवर गाउँपालिकाको ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युतीकरण थालिएको वितरण केन्द्रका इञ्जिनियर सन्तोष चौहानले बताए ।

# १ सय ८६ धारा खानेपानी बोर्डलाई हस्तान्तरण

◆ विकास संवाददाता

उपभोक्ता समितिमार्फत् रहेका धाराहरू क्रमशः हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण हुन थालेका छन् । उपभोक्ता समितिमार्फत् छरिएर रहेका धाराहरू बोर्डको सेवा चुस्तदुरूस्त भएपछि धमाधम हस्तान्तरण भइरहेको बोर्डका सूचना अधिकारी सञ्जय न्यौपानेले जानकारी दिए । २८ चैतमा हेटौंडा-१८, हर्नामाडीस्थित ठूलोदमारमा रहेको हर्नामाडी डीप बोरिङ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अन्तर्गतका १ सय ८६ वटा धारा बोर्ड मातहत हस्तान्तरण गरिएको छ । उपभोक्ता समिति अध्यक्ष रामकृष्ण बानियाले बोर्ड अध्यक्ष प्रताप विष्टलाई सम्पूर्ण कागजात हस्तान्तरण गरेका थिए ।

हस्तान्तरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानिया, वडाअध्यक्ष अनिलकुमार बानिया, पूर्वगाविस अध्यक्ष शिवबहादुर रिजाल, बोर्ड सदस्य इन्द्रप्रसाद नेपाल, बोर्ड कार्यकारी निर्देशक विष्णुप्रसाद सापकोटा तथा हर्नामाडी सहलगानी खानेपानी समिति अध्यक्ष केशव पण्डितलगायत उपस्थित थिए । बोर्ड मातहत आएसँगै स्थानीयले न्यूनतम पानी महसुलमा छुट प्राप्त गर्नुका साथै धारा जडान शुल्कमा सहुलियत प्राप्त गर्नेछन् । हाल उपभोक्ता समितिमार्फत् धारा जडान गर्दा दशहजार रूपैयाँ तिर्दै आएका उपभोक्ताले अब ३८ सय ५० रूपैयाँ तिर्नुपर्ने हुन्छ ।

'अब उपमहानगरपालिकाले तोके अनुसारको न्यूनतम महसुल यसै महिनाबाट छुट गर्ने व्यवस्था मिलाउने छौं ।', बोर्ड अध्यक्ष विष्टका अनुसार मासिक दशहजार लिटरसम्म पानी नगरका उपभोक्तानले निःशुल्क प्राप्त गरिरहेका छन् । नगरभर रहेका उपभोक्ता समितिलाई विस्तारै बोर्डअन्तर्गत् ल्याउन छलफल भइरहेको उनले बताए । न्यौपानेका अनुसार चालु आर्थिक वर्षमा हेटौंडा-१०, न्यूरेनीमा रहेको उपभोक्ता समितिको १५० वटा धारा बोर्डमार्फत् आइसकेको छ । हेटौंडा-१४, बनेलधापमा रहेको २ लाख ५० हजार लिटर क्षमताको पानी ट्यांकी समेत बोर्डलाई हेटौंडा उपमहानगरपालिकाले हस्तान्तरण गरि सकेको छ ।

हेटौंडा-१३, पदमपोखरीस्थित ठूलोथली खानेपानी तथा उपभोक्ता समितिमार्फत्का एक हजारभन्दा बढी धारा बोर्ड मातहत चालु आर्थिक वर्षमै हस्तान्तरण हुने क्रममा रहेका छन् ।

# न्युन आय भएका २८ परिवारको निःशुल्क बीमा

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका वडा नम्बर ३ मा बसोबास गर्ने न्यून आय भएका २८ परिवारको वडा कार्यालयले निशुल्क स्वास्थ्य बीमा गरिदिएको छ । वडाका ८ ओटा टोल विकास संस्था र मक्रान्चुली सामुदायिक स्वास्थ्य इकाईको सिफारिसमा २८ बिपन्न परिवारलाई स्वास्थ्य बीमामा सहभागी गराइएको हो ।

वडा कार्यालयको आव २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत वडाको विभिन्न लक्षित कार्यक्रम शीर्षकमा विनियोजित रकम ६ लाख रूपैयाँमध्येबाट स्वास्थ्य बीमा गर्न एक लाख रूपैयाँ भुक्तानी गरेको बताइएको छ । वडा समितिको बैठकले निर्णय गरेर स्वास्थ्बीमा गरिएको वडाअध्यक्ष भागवत घिमिरेले जानकारी दिए । सिफारिसमा परेका तथा निम्न आय भएका अन्य बाँकी परिवारको पनि पहिचान गरी आगामी दिनमा बजेटको सुनिश्चित गरी कार्यक्रमलाई निरन्तरता दिइने वडाअध्यक्ष घिमिरेले बताए ।

स्वास्थ्य बीमा कार्यक्रमबाट ग्रामीण क्षेत्रका बासिन्दाको स्वास्थ्योपचारमा निकै राहतको अनुभूति भएको बताइएको छ ।






# पालुङ क्याम्पसमा शुभकामना कार्यक्रम, साहित्यकार बिर्खे अञ्जानलाई सम्मान



◆ विकास संवाददाता

पालुङ बहुमुखी क्याम्पसमा नव वर्ष २०८० को शुभकमना, प्रथम वर्षका विद्यार्थीलाई स्वागत, चौंथो वर्षका विद्यार्थीलाई विदाइ तथा साहित्यकार सम्मान कार्यक्रम एक साथ सम्पन्न भएको छ । ३० चैतमा क्याम्पसको सभाहलमा कार्यक्रम सपन्न भएको हो । क्याम्पस प्रमुख राजन मिश्रको अध्यक्षता तथा सञ्चालक समितिका कोषाध्यक्ष बिमलकुमार ढकालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रमुख अतिथि ढकालले शुभकामना दिँदै क्याम्पसको शैक्षिक गणुस्तरमा विद्यार्थीहरूको भूमिका महत्वपूर्ण रहेको बताए । कार्यक्रममा बोल्दै उनले क्याम्पसमा अनुकूल प्राध्यापनको वातावरण भएर पनि विद्यार्थीहरू अनियमित हुँदा यसले समग्रमा उत्तरी मकवानपुरकै उच्च शैक्षिक जनशक्ति उत्पादनमा प्रभाव पर्ने औँल्याए ।

क्याम्पस प्रमुख मिश्रले प्राध्यापक र विद्यार्थी दुबैमा इमानदारिता, जवाफदेहिता र उपयुक्त संस्कारको विकास गरेर क्याम्पसलाई अब्बल बनाउन आग्रह गरे । उनले अबका दिनहरूमा क्याम्पसले आयोजना गर्ने कार्यक्रमहरूमा सबै विद्यार्थीहरूको उपस्थितिलाई अनिवार्य गरिने बताए । कार्यक्रममा क्याम्पस प्रध्यापक संघका इकाइ अध्यक्ष प्रकाश पौडेलले नव वर्ष २०८० को शुभकामना दिँदै जीवन र जगत परिवर्तनका लागि उद्यमशीलतामा जानुपर्ने बताए । उनले शिक्षाभन्दा ठूलो अरू नरहेको विद्यार्थीहरूलाई स्मरण गराए ।

सो अवसरमा साहित्यकार लक्ष्मण बर्तौला 'विर्खे अञ्जना' लाई दोसल्ला, कदरपत्र र नगदसहित सम्मान गरिएको थियो । दर्जनौँ पुस्तक लेखन/सहलेखन गरिसकेका थाहा नगरपालिका वडा नं ३ निवासी अञ्जानलाई क्याम्पसको पूर्व विद्यार्थीसमेत रहेको र साहित्य क्षेत्रमा निरन्तर लागेर अतुलनीय योगदान गरेको भन्दा क्याम्पसले सम्मान गरेको हो । कार्यक्रममा उनले अवसान सपना शीर्षकको कवितासमेत वाचन गरेका थिए । सोही अवसरमा हालै नेपाल पब्लिक क्याम्पस संघको केन्द्रीय कोषाध्यक्षमा निर्वाचित पालुङ क्याम्पसका प्रमुख राजन मिश्रलाई सम्मान गरिएको थियो । क्याम्पसमा प्रथम वर्षमा भर्ना भएका विद्यार्थीहरूलाई स्ववियु अध्यक्ष पुस्कल श्रेष्ठले खादा र टीका लगाएर स्वागत गरेका थिए भने चौँथो वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गरेर क्याम्पस प्रमुख मिश्रले विदाइ गरेका थिए । कार्यक्रममा सहायक प्राध्यापक रामहरि अधिकारी र हरिकृष्ण कार्कीले गहकिला कविता वाचन गरेका थिए ।

# नि:शुल्क स्वास्थ्य शिविरमा २ सय ४३ को स्वास्थ्य परीक्षण



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाको ओखरबजारमा नि:शुल्क बाथरोग स्वास्थ्य शिविर भएको छ । थाहा नगरपालिकाको १ नम्बर वडामा रहेको सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नेशनल बाथरोग सेन्टर काठमाडौंको संयुक्त आयोजनामा २ वैशाखमा शिविर भएको हो । शिविरबाट २ सय ४३ बाथरोगवाट पीडित विरामीहरूले स्वास्थ्य उपचार गरेका थिए ।

शिविरमा नेशनल बाथरोग सेन्टरका विशेषज्ञ डाम्टर बिनित बैद्य, डाक्टर सुधीर कर्माचार्य र डाक्टर विवेक के.सी.ले विरामीहरूलाई बाथरोगको लक्षण र बच्ने उपाय सम्वन्धी भिडियोग्राफीको माध्यमबाट सहजीकरण गरेका थिए । बाथरोगको सही पहिचान गर्ने र समयमा उपचार गर्न जरूरी भएकोले जति सक्दो चाँडो उपचार सुरू गरियो त्यति नै छिटो जोर्नी बचाउन सकिने डा. बिनित बैद्यले जानकारी दिए । बाथको उपचार लक्षण सुरू भएको तीन महिनाबाट एक वर्षभित्र उपचार गरिएमा यसबाट नाकारात्मक असरलाई न्यूनीकरण गर्न सकिने उनले बताए ।

शिविरमा विरामीहरूलाई नि:शुल्क औषधि र ल्याबको समेत सुविधा दिएको सहकारीका अध्यक्ष अञ्जल प्रधानले जानकारी दिए । पछिल्लो समय थाहानगरमा बाथरोगमा विरामीहरू बढ्दो रूपमा देखिएकोले सोका लागि नि:शुल्क शिविर सञ्चालन गरेको उनले बताए । भविष्यमा समेत सहकारीले यस्ता प्रत्येक्ष जनहित हुने र सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू सञ्चालन गर्दै जाने प्रधानले बताए ।

शिविरमा विशेषज्ञ डाक्टर विनित बैद्य, डाक्टर सुधिर कर्माचार्य, डाक्टर विवेक के.सी. डाक्टर पवन कार्कीलगायतले सेवा प्रदान गरेको कार्यक्रम संयोजक सुरेन्द्र श्रेष्ठले जानकारी दिए । शिविरको समापन कार्यक्रम नेशनल बाथरोग सेन्टर काठमाडौ, विशेषज्ञ डाक्टर तथा प्राविधिकहरूलाई कदर पत्रद्वारा सम्मान गरिएको थियो ।

# सक्रिय युवा क्लबको सक्रियता जारी, ऋषेश्वर परिसर सफा हुँदै

◆ विकास संवाददाता

मकवानपुर थाहानगरको प्रसिद्ध ऋषेश्वर मन्दिर जाने बाटो वरपर सर सफाई गरिएको छ । सरसफाई कार्यक्रमलाई निरन्तरता दिदै थाहा नगरपालिका वडा नम्बर ४ किटेनीको सक्रिय युवा क्लबका युवाहरूले ३० चैतमा ऋषेश्वर मोड तथा बाटो वरपर सफा गरेको कार्यक्रमका अगुवा तथा साहित्यकार भद्रध्वज गौतमले बताए । सो क्लबले ११ चैतमा पनि सरसफाई कार्यक्रम संचालन गरेको थियो ।

सरसफाईको साथै उनीहरूले ठाउँठाउँमा जथाभावी फोहोर नफाल्न आग्रह गरिएको सन्देश लेखिएको सुचना बोर्ड पनि राखेको क्लवका कृष्णजी स्याङ्तानले जानकारी दिए । मन्दिर दर्शन गर्न आउने भक्तजनहरूले फालेका पानीका बोतल, पुजा सामाग्री लाने प्लाष्टिक, सिसि, कागजहरू लगायतका सामाग्री सरसफाईको क्रममा संकलन गरी बोरामा प्याक गरेका छन् । त्रिभुवन राजमार्गबाट एक हजार मिटर पैदल हिडेर पुगिने जिल्लाकै प्रसिद्ध धार्मिक स्थल जाने बाटो र मन्दिर फोहोर भएपछि स्थानीय युवाहरूले चासो देखाएका हुन् ।

# वडाध्यक्ष थिङले तलबबाट दुई विद्यार्थीलाई पूर्ण छात्रवृत्ति दिने



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष हेम कुमार थिङले २ जना विद्यार्थीलाई आफ्नो भत्ता वापत आउने रकमले अध्ययन गराउने घोषणा गरेका छन । ३० चैतमा भएको ८ नम्बर वडाको इन्द्रायणी माविको अभिभावक भेला तथा वार्षिक नतिजा प्रकाशन कार्यक्रममा बोल्दै अध्यक्ष थिङले दुई विद्यार्थीलाई पूर्ण छात्रवृत्तिको घोषणा गरेका हुन ।

अध्यक्ष थिङले विद्यालयले छनौट गरेका दुई विद्यार्थी लाई आफ्नो तलव भत्ता वापत आउने रकमले विद्यार्थीहरूलाई चाहिने पोशाकदेखि शैक्षिक सामाग्रीसम्म सम्पुर्ण खर्च व्यहोर्ने प्रतिवद्धता जनाए । शिक्षक अभिभावक संघ इन्द्रायणी माविका अध्यक्ष रमेश सेन्चुरीको अध्यक्षतामा सम्पन्न अभिभावक भेला तथा नतिजा प्रकाशन कार्यक्रममा गत वर्ष विद्यालयबाट एसईईमा उत्कृष्ट हुने ३ जना विद्यार्थीलाई नगद सहित सम्मानपत्रद्वारा सम्मान गरिएको थियो ।

१ कक्षा देखि ९ सम्म उत्कृष्ट हुने विद्यार्थी र बर्ष भर भएको अतिरिक्त कृयाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कार वितरण गरिएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुमन कार्की, पुर्व वडा अध्यक्ष टिकाराम रूम्बा, कार्यपालिका सदस्य राम प्रसाद कालीराजलगायतका शिक्षक, अभिभावक तथा विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

अभिभावक भेलामा विद्यालयका प्रधानाध्यापक नारायण कार्कीले आर्थिक बर्ष ०७९/०८० को ८५ लाख ४५ हजार को आयव्यय तथा आर्थिक बर्ष ०८०/०८१ को लागि ९० लाख ४५ हजारको अनुमानित आयव्यय प्रस्तुत गरेका थिए ।

# आग्राको चल्तीमा दुई घरमा आगलागी

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ७ चल्ती थाक्लेमा ३९ चैत राती दुई घरमा आगलागी भएको छ । राती अन्दाजी पौने १२ बजेतिर बिजुलीको तार सट भएर आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

आगलागीबाट चल्ती स्थित थाक्ले बस्ने वर्ष ५५ वर्षिय कृष्ण बहादुर खत्रीको पुरानो डिजाईनको ढुङ्गाा माटोले बनेको २ तले कच्चि घर पूर्ण रूपमा क्षति भएको छ । आगो बढ्दै जाँदा संगै जोडिएर बनाईएको कृष्ण बहादुरका भाई राजकुमार खत्रीको घर समेत जलेको छ । आगलागी नियन्त्रणका लागि थाहा नगरपालिकाको दमकलसहित इलका प्रहरी कार्यालयको प्रहरी नायब निरक्षिक उमेश प्रसाद कोईरीको कमाण्डमा टोली खटी गएको थियो । स्थानीयबासी, दमकल र प्रहरीको सहयोगमा ३० चैत विहान साँढे २ बजे आगलागी पूर्ण रूपमा नियन्त्रणका लिइएको प्रहरीले जनाएको छ ।

आगोलागीबाट घर लगाएत घरमा रहेको सामनहरू पुर्ण रूपमा जली क्षेती भएको छ भने मानविय तथा चौपाय क्षेती नभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# हटौंडाका पाँच वडामा कृतिम गर्भाधान र खोप बन्द



◆ विकास संवाददाता

हेटौंडा उपमहानगर क्षेत्रका बिभिन्न वडाहरूमा देखिएको पानीको फोका जस्तो देखिने गरी पशुको छालामा डाबर निस्कने 'लमपी स्क्रिन' खोप नियन्त्रणका लागि प्रभावित क्षेत्रमा कृतिम गर्भाधान र खोप कार्यक्रम बन्द गरिने भएको छ । उपमहानगरपालिका कृषि शाखाको समन्वयमा सोमबार बसेको निजी क्षेत्रका पशु प्राविधिकसँगको बैठकले रोग प्रभावित नगरका पाँचवटा वडामा आकस्मिक उपचार सुबिधा बोहकका अन्य सबै कार्यहरू बन्द गर्ने निर्णय गरेको हो ।

बैठकले रोगको नियन्त्रणका लागि पशु प्राविधिकले सुरक्षित भएर काम गर्ने, पशु गर्भाधानका लागि गर्रिदै आएको कृतिम गर्भाधान सुबिधा बन्द गर्ने, विज्ञ केन्द्रबाट प्राप्त भएको खोरेत रोग नियन्त्रणका लागि प्रयोग हुने (एफएमडी) खोप नगर क्षेत्रमा नलगाउने निर्णय भएको शाखा प्रमुख गंगा चौलागाईले जानकारी दिएकी छन् । उनका अनुसार नगर क्षेत्रको ७, ११, १२, १७ र १८ नम्बर वडामा किसानले पालेको गाई र भैसीमा 'लमपी स्क्रिन' रोगको संक्रमण फेला परेसँगै सचेतना अपनाउने र रोगको नियन्त्रणका लागि काम गर्ने निर्णय गरिएको हो । रोगका कारण पशुको ह्याकुला, पेटमा पानी जम्ने, खुट्टाको हाडजोर्नी सुन्नीने, दुग्धको उत्पादन घट्दै जाने, पशुमा ज्वरोको मात्रा उच्च हुने जस्ता लक्षण देखिने शाखाले जनाएको छ ।

शाखाले रोगको नियन्त्रणका लागि प्रभावित क्षेत्रका गाई/भैंसी खरिद बिक्री तथा ओसार पसार नगर्न, रोगी पशुलाई अलग राखी उपचारमा लाग्न, पशुलाई बाहिर चराउनका लागि नलैजान आग्रह गरेको छ । बैठकमा कृषि शाखा गंगा चौलागाई, डा. अनुसा लम्साल, सहायक पशुविकास अधिकृत कृष्णप्रसाद भट्टराईसहित पशुसेवा केन्द्रका प्रमुख तथा निजी पशु प्राविधिकहरू सहभागी थिए ।

# ४४ औं शिक्षक दिवसमा शिक्षक संगठनको कार्यक्रम

◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा ४४ औं शिक्षक दिवसको अवसरमा नेपाल राष्ट्रिय शिक्षक संगठन थाहानगर समितिले विविध कार्यक्रमसहित मनाएको छ । दिवसको अवसरमा भएको रत्तदान कार्यक्रममा ४६ जनाले रक्तदान गरेको शिक्षक आयोजक संगठन थाहानगरका अध्यक्ष रूपचन्द्र गोपालीले जानकारी दिए ।

नेपाल रेडक्रस सोसाइटी, केन्द्रिय रक्त सञ्चार सेवा काठमाडौंको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रमको अवसरमा संगठनको चौथो नगर परिषद तथा शिक्षक हित बचत तथा ऋण सहकारीको सहकारी शिक्षा कार्यक्रम समेत भएको छ । परिषदमा कोषाध्यक्ष सचिन बलले पेश गरेको आर्थिक प्रतिवेदन तथा सचिव कृष्ण प्रसाद लामिछानेले पशे गर`को संस्थागत गतिविधि सम्बन्धि प्रतिवेदन सर्वसमम्त पारित भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली, विशेष आतिथ्यता रहेको थियो भने बज्रबाराही रेडक्रसका सभापति सानुकाजी गोपाली, जिल्ला उपाध्यक्ष कृष्ण प्रसाद पौडेल, शिक्षक हित सहकारीका उपाध्यक्ष शिव प्रसाद लामिछाने, पेसागत महासंघ सदस्य रामकुमार बर्तौला, संगठनको मकवानपुरगढी गाउँपालिका सदस्य राजेश अधिकारी, सुनौला माविका स्काउट शिक्षक देवेन्द्र गोपालीलगायतका उपस्थिति रहेको थियो ।




## यौन हिंसाबाट बचौं र बचाऔं !

- यौनजन्य हिंसा सामाजिक अपराध हो ।
- यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ ।
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं ।
- उनीहरुको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ ।
- त्यस्तो पाइए तत्काल उनीहरुसँग कुरा गरौं ।
- बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी